# १. उदय लहरी

ज्ञानदिल दास

श्रीगुरू गणपति बुद्धिका दाता।
गायत्री सावित्री सरस्वती माता ॥
धन्ये हौ सरस्वती जगदम्बी माई।
अष्टसिद्धि देउन गरिपूजनलाई ॥१॥

सबै कहुँ भन्या कहनु हुँदैन।
बिना ब्रह्मज्ञानले पाप धुँदैन ॥
साधुको सेवाले चाँदै तरौला।
दया धर्म छाडिदिया नर्कमा परौला ॥५॥

ब्रह्मज्ञान तत्व सुस्ममा रह्याको।
ब्रह्म आदि रिषि मुनि सब तरि गयाको ॥
सरगुन पुरान पण्डितादि पर्छन्।
सुस्माले हुने थियो धेरै धन्दा गर्छन् ॥६॥

चार वेद पुरान पण्डितादि पर्छन्।
लोभका नदीमा सदादिन बहन्छन् ॥
पण्डित भनिजन धेरै बाढा लाउँछन्।
न्येराको चीज दूर बताउँछन् ॥७॥

के गर्छौ नर हो जन्म बित्न लाग्यो।
पापले जिति सक्यो दया छेमा भाग्यो ॥
छोटा बड़ा जतिछन् धनै मात्र भन्छन्।
धर्म तलाउ षोली पाप तलाउ षन्छन् ॥१०॥

धन जन भन्छन् देवीमाई भाक्छन्।
पशुघात भयो भन्या धर्म कहाँ राष्छन ॥
गरिप्मारा पशुघात जो कोही गर्छन्।
नर्क तलाउ भासमा सहजगै पर्छन् ॥११॥

देवीमाई पत्थर जो पूजि षान्छन्।
सतलोक धाममा ती कहाँ जान्छन् ॥
धाम चिन सतलोक जमुनाका तीर।
लोभ पाप छोडी हरीतिर फिर ॥१२॥

दया राष मनमा धर्म लेउ हात।
सदादिन रहनु भक्तिजनका साथ ॥
जो कोहि साधु छेउ सदादिन धाउला।
विष रस छोड़ी अम्बी रस पाउला ॥१३॥

नरमा भक्तिजन्लाई जो हेला गर्छ।
वषत मिल्दैन नर्क तलाउ पर्छ ॥
गरिप् देष्छन् नरमा मान्दैनन् चीज।
देष्नमा गरिपछ परम्पराको वीज ॥१४॥

साधुको साधना सहज सितलो।
थला बसि हानु भने धनु छ फितलो ॥
मायाको धनु छ शब्दको बान।
अगाडि दिंदैन तमोगुन्ले जान ॥१५॥

धर्मको ढाल बाँधि शब्दको सेली।
सिलको बानले तमोगुन ठेली ॥
तम रज मारी सत्गुन जगाउ।
सहज आनन्दमा सुरथ लगाउ ॥१६॥

कमल आसन् बाँधी सुरथ रह्याको।
मनासिप्ले होइन गुरुले कह्याको ॥
श्री गुरु भन्याका गुनका भारी।
काम क्रोध लोभ सबै दिया जारी ॥१७॥

ज्ञानी जति जो जो छन् परै मात्र धाउँछन्।
हृदयका राम वाँहाँ काँहाँ पाउँछन् ॥
जिम्मा बसे सरस्वती सिष बसे हरी।
तेत्तिस कोटी देवता नष सिष भरी ॥४२॥

सत्ते त्रिता द्वापर कलीयुग लाग्यो।
दया धर्म जति सबै पर पर भाग्यो ॥
दया छैन मनमा धर्म छ काँहाँ।
कल्याहा र क्रोधी कलिजुग माँहाँ ॥४८॥

कलीमा कलले व्याप्त गर्ने छ।
सत्तेवादी जतिको छाला तरने छ ॥
बुढा छोडि बाला चाँडे मर्नेछन्।
धनीको धन पनि सबै हरनेछन् ॥४९॥

बाबु छोरा कल गरी अकालै मरन्याछन्।
सासुको जगटा बुहारी छर्न्याछन् ॥
दाजु बैनी दिदी भाई साधी गर्न्याछन्।
ब्रह्माको वेद सुध्र परन्याछन् ॥५०॥

हिंसाहारी ब्रह्मा जोछन् षोज गरदैनन्।
चारवेद परे पनी पार तरदैनन् ॥
छेदन्ने हिंसाहारी राक्षेसी कर्म।
छेदन्ने भयो भन्या क्या रह्यो धर्म ॥५१॥

पशुघाती जतिछन् ब्रह्माका जाती।
गुहेलाका फुल बिलाउनिका पाती ॥
ब्रह्मा हुं भन्या ब्रह्म नचिन्न्या।
बैली बाख्रा कताछन् षसि षोजी किन्न्या ॥५२॥

तुलसी र वेदको जो निन्दा गर्छ।
ब्रह्मलोक छोडि जेमलोक सर्छ ॥
ब्रह्मचोलाबाट धेरै निन्दा भयो।
पापीको अर्जि ली भक्तिजन गयो ॥५८॥

पण्डितादि जतिछन् जोतिष् जोतिष् भन्छन्।
प्रातै उठी लग्न तिथि बार गन्छन् ॥
जोतिषी भन्छन् जोतिष बडो ज्ञान।
प्रातै उठी सुमेरण ग्रहको ध्यान ॥७२॥

क्या गर्छौ जोतिषी हो! अभागी तालो।
देषूछौ ता भन्छौ नजर्माथि जालो ॥
जालो छ नजर्माथि आँषा देषूछन् काँहाँ
बड़ा हुँ हामी भन्छन् नरलोक माँहाँ ॥७५॥

जोतिषले मुक्ति कैल्ये हुन्थ्यो काँहाँ।
सह्यारी नसकनु चारै जुग माँहाँ ॥
ग्रहहरू कताछन् चाँडै गरि षोज।
सुद्धि बुद्धि नपाया भक्तिनलाई सोध ॥७८॥

भक्तिजन भन्याका नित्ते कर्म गर्न्या।
जेमलोक छाडी सतलोक सर्न्या ॥
भक्तिका छेउ गया आफ्नु गति पाउला।
जेमलोक छाडी सतलोक जाउला ॥८०॥

कलह भन्याको जेमराजको वीज।
चन्चल मनलाइ आसन् मुनि थीच ॥
रात दिन टहल भक्तिजनका पाउ।
चन्चल छोडि येकै चित्त लाउ ॥८५॥

गंगा र जमुना अगम अपार।
चार वेद गीता वेदान्तका सार ॥
सतगुरु स्वामी शशिधर जाँहाँ।
सतको निसान् फिर्‍यो जग माँहाँ ॥८८॥

गुरु कृपा नाउँ छ ज्ञानदिल दास।
सवैले गर्नु परम्पदको आस ॥
सिरमा धनी छन् सतगुरु स्वामी।
धनीका सामुन्न्ये लडिकै छौं हामी ॥९७॥

दया बिना पापले जन्म हुन्छ फेरी।
स्व बुझी ज्ञानदिलले बाँध्यो फकिरी ॥
धनीका घरमा सुन मिल्यो तोला।
बाँधियो फकिरी अब जस्व होला ॥१००॥

कस्तो साधु भनौला चेतन्ने पियाको।
विष रस छाडि अम्रित पियाको ॥
सुर नर मुनि सब सुरथ लगाउ।
जबर्जस्ती होइन हाँसी षेली जाउ ॥१०४॥

सार झिकी कह्याको जानि न जानी।
दया धर्म न छोड्यो मुक्ति होला तानी ॥
नलेषु भन्या उदयको वानी।
सब मिली भक्ति गरौं जानि न जानी ॥१०५॥

नित्तेको फकिरी ज्ञानदिल दास।
सबैले गर्नु परम्पदको आस ॥
श्री सुभलगनमा उदय भयाको।
चौतिस् साल वैशाषमा सब लेखिकह्याको ॥१०८॥

ब्रह्मज्ञानी जति छन् ताहिँ रह्याको।
सतगुरु धनिका साथमा भयाको ॥
धन्ने हौ मुनिसब चाँडै गरि सूज।
हो कि होइन तै पनि गम गरि बूझ ॥१०९॥